लोमन्थाङ गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७५ साल श्रावण १८ गते

# लोमन्थाङ गाउँपालिका

## लोमन्थाङ गाउँपालिका विपद व्यवस्थापन कोष परिचालन कार्यविधि, २०७५

लोमन्थाङ गाउँपालिका

लोमन्थाङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मुस्ताङ ।

## लोमन्थाङ गाउँपालिका विपद व्यवस्थापन कोष परिचालन कार्यविधि, २०७५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी लोमन्थाङ गाउँपालिका, गाउँकार्यपालिकाले लोमन्थाङ विपद व्यवस्थापन कोष परिचालन कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी कार्यविधिको नाम "लोमन्थाङ विपद व्यवस्थापन कोष परिचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले गाउँकार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँकार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले लोमन्थाङ गाउँपालिका,गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "गाउँपालिका"भन्नाले लोमन्थाङ गाउँपालिका सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले लोमन्थाङ गाउँ कार्यपालिका अन्तरगतको "विपद व्यवस्थापन कार्यकारी समिति" सम्झनु पर्छ ।

(छ) सचिवालय भन्नाले लोमन्थाङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

**३. कोष परिचालन कार्यविधिका उद्देश्यहरु :**

१. सबै प्रकारका प्रकोप तथा विपदको कारण सृजना हुन सक्ने परिस्थितीलाई व्यवस्थापन गर्ने

२. विपदको समयमा गरिने राहत तथा उद्धार लगायतका सेवा प्रवाहमा प्रभावकारीता ल्याउने,

३. विपदको समयमा पिडीत समक्ष गाउँपालिकाको उपस्थिति सुनिश्चत गर्ने,

४. विपदको समयमा सरोकारवालहरुसँगको समन्वय प्रभावकारी बनाउन सहयोग पुऱ्याउने,

५.विपद जोखिम न्युनीकरणका लागि सचेतना अभिवृद्धि, आवश्यक समन्वय र साझेदारीलाइ प्रभावकारी बनाउने

६.विपदको समयमा प्रदान गरिने राहत तथा उद्धार कार्य एकरुपता कायम गर्न सघाउ पुराउने ।

**४. सम्भावित विपदका विषयहरुको पहिचान :**

(क) खोलाहरुमा आउने बाढी पहिरोबाट खोला किनारमा रहेका घरवस्तीहरु जोखिममा रहेको,

(ख) विश्वमा तापक्रमको वृद्धिले पहिला भन्दा हालका दिनहरुमा पानी पर्ने क्रममा वृद्धि हुदैं जाँदा बाढी पहिरो, भलपानीले छोसेर, छोन्हुप र लोमन्थाङ गाउँहरु जोखिममा रहेको,

(ग) आकास्मिक विद्युत प्रवाह (High Voltage) बढी हुदाँ, भुकम्प जादाँ, बजारमा अव्यवस्थित पेट्रोल, डिजेलका ड्रमहरुबाट, ग्याँस सिलिण्डर पटकिदा र घरवस्तीमा सामान्य विद्युत सट भई आगलागिबाट हुने जोखिम

(घ) महामारीबाट सरुवा रोग आदिबाट हुने जोखिम

(ङ) सडक दुर्घटनाबाट हुने जोखिम

(च) असिनापानी, अतिवृष्टि, अनावृष्टि, अन्नवाली, फलफूल तथा तरकारीमा रोग किराको महामारीबाट हुने जोखिम

(छ) पशुपन्छीबाट हुने वा पशुपन्छीमा हुने महामारी

(ज) हिमपात, हिमपहिरो ,हिमताल विष्फोटन, हावाहुरी र चट्याङबाट हुने जोखिम

(झ) जंगली जनावारबाट पुग्न सक्ने क्षतिको जोखिम

(ञ) मानव सृजित अन्य विभिन्न किसिमको घटनाबाट हुने सक्ने क्षति (साँस्कृतिक, धार्मिक, सामाजिक, राजनैतिक, आर्थिक आदि)

(ट) आगलागि ।

**५. सम्भावित विपदलाई न्युनिकरण**

सम्भावित विपदलाई न्युनीकरण गर्न यस लोमन्थाङ गाउँपालिकामा तत्कालनका लागि विपद व्यवस्थापन कार्यकारी समिति गठन गरिनेछ ।

१. संयोजक गा.पा. अध्यक्ष

२. सदस्य गा.पा. उपाध्यक्ष

३. सुरक्षा निकायका प्रतिनिधि

४. स्वस्थ्य शाखाका प्रमुख

५. प्रमुख प्रशासकीय अधिकृत

६. सम्वन्धित वडाका वडा अध्यक्ष

७. वन वा सो को काम गर्ने संस्थाको प्रतिनीधी

उक्त कार्यकारी समितिको बैठक वर्षमा कम्तीमा तीन पटक वस्नेछ। तर आकस्मिक अवस्थामा भने जुनसुकै समयमा पनि वस्नुपर्नेछ।

कार्यकारी समितिले नियमानुसार बैठक भत्ता पाउनेछन् र बैठक सञ्चालन सम्बन्धि कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

६.विपदका चरण: (१) यस गाउँपालिका भित्र आईपर्ने विपदलाई व्यवस्थनपन गर्न निम्न चरणहरुलाई परिभाषित गरि सम्बन्धित सरोकारवालाहरुलाई जानकारी एवं सचेतिकरण गरिनेछ।

(क) विपद पूर्व् तयारी चरण:

(ख) विपदको दौरान/उद्धार चरण:

(ग) विपद पश्चातको पुर्नस्थापना चरण :

**(क). विपद पूर्वको तयारी चरण.**

**(१) सामग्री खरिद:**

(क) फायर एक्सटीङग्युसर (ख) सावेल, पिक (ग) बाल्टिन

(घ) टर्च लाइट (ङ) पन्जा, मास्क

(च) पाइप, त्रिपाल (छ) प्राथमिक उपचारका सामाग्री

(ज) हेल्मेट तथा लाइफ ज्यकेट (झ) डोरी (ञ) वाएरलेस रेडियो

**(२) जनचेतनामूलक कार्यक्रम** : सडक नाटक (विद्यालय, महिला समुह, टोलहरुमा जनचेतना)

**(३) तालिम :**

- स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक, सर्वसाधरण, विद्यार्थी, स्वास्थ्यकर्मीलाई तालिम
- खरिद गरिएका सामग्री उपयोग गर्ने सम्वन्धी तालिम
- सचेतना सम्वन्धी सामग्री निर्माण र वितरण
- simulation exercise, mock drill

(४) व्यवस्थापन कार्य

- बिजुलीको तार र उच्च विद्युत प्रवाहको व्यवस्थापन
- सव वाहन , एम्बुलेन्सको व्यवस्था तथा अन्य सवारी साधनको व्यवस्था
- भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका र मापदण्डको पालना गराउनुपर्नेछ ।

**(ख) विपदको दौरान चरण**

(१) आपतकालिन उद्धार र तत्काल अत्यावश्यक राहत सामग्री वितरण

**(ग) विपद पश्चातको पुर्नस्थापना चरण**

- परामर्श (अपाङ, असक्त, बृद्ध, महिला, बालबालिकालाई विपदको समय वा विपद पश्चात हुन सक्ने हिंसा, दुर्व्यहार बारेमा परामर्श गरिने )
- राहत वितरण : लत्ता कपडा, पिउने पानी, औषधि, खाद्यन्न, त्रिपाल, कम्मल, आदि ।

**(७) तत्काल राहतको व्यवस्था र सहयोग**

विपद व्यवस्थापन कार्यकारी समितिले विपदका तीनै चरणका आवश्यकता हेरी वडाको सिफारिस बमोजिम विपद पश्चात विपद व्यवस्थापन कोषबाट तपसिलका क्षति अनुसार राहतको व्यवस्थापन गर्नेछ । राहत सीमा तथा मात्र निर्धारण गर्दा मानवीय क्षतिलाई पहिलो प्राथमिकतामा राख्नुपर्नेछ । राहत उपलब्ध गराउँदा प्रभावकारीताको आधारमा नगद, जिन्सी वा सेवा उपलब्ध गराइनेछ ।

तपसिल

१. घरमा पूर्ण भौतिक क्षति भएमा प्रति घरपरिवारलाई तत्कालको लागि रु. २०,००० सहयोग स्वरुप उपलब्ध गराइनेछ ।

२. घरमा आंशिक भौतिक क्षति भएमा प्रति घरपरिवारलाई तत्कालको लागि रु. १०,००० सहयोग स्वरुप उपलब्ध गराइनेछ ।

३. मानवीय क्षति भएको अवस्थामा काजक्रिया खर्च वापत रु. २०,००० सहयोग स्वरुप उपलब्ध गराइनेछ ।

४. अङ्गभङ्ग तथा जटिल घाइते भएमा उपचार खर्च वापत सहयोग स्वरुप रु. १०००० उपलब्ध गराइनेछ ।

५. बाँध फुटेमा, खानेपानी बन्द भएमा, इमरजेन्सी मर्मत संभार नगर्दा सर्वसाधारणमा खतरा उत्पन्न हुने महशुस भएमा यस कोषबाट खर्च गर्ने गरी मर्मत गर्न सकिने छ। यसरी खर्च गर्दा खर्च अध्यक्षको निर्देशानुसार रु १ लाख सम्म व्यक्तिलाई भुक्तानी गर्ने गरी मर्मतको कार्य गर्न सकिने छ।

६.यस कार्यविधिमा उल्लेख भएबाहेकको अवस्थामा गाउसभा वा गाउँ कार्यपालिकाले निर्णय गरी क्षतीपुर्तीको व्यवस्था गर्न सक्नेछ।

**(८) विपद व्यवस्थापन कोष**

यस लोमन्थाङ गाउँपालिकामा एक विपद व्यवस्थापन कोष रहनेछ। उक्त कोषमा प्रत्येक वर्ष कोष पुर्ति गरिदै लगिनेछ। कोषमा तपसिल अनुसारको संकलित रकम कोष परिचालन कार्यविधि बमोजिम सञ्चलानमा ल्याइने छ।

१. संघीय सरकारबाट प्राप्त रकम

२. प्रादेशिक सरकारबाट प्राप्त रकम

३. गाउँसभाबाट विनियोजित रकम

४. सरकारी गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम

५. अन्य श्रोतबाट प्राप्त रकम

**९. विविध**

(क) कोष परिचालनका विषयमा कुनै कुरा थपघट तथा स्पष्ट गर्न परेमा सो को सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको हुनेछ।

(ख) यस कार्यविधिमा उल्लेख नभएका विषयमा तत्काल निर्णय गर्नुपरेमा विपद व्यवस्थापन कार्यकारी समितिले आवश्यक निर्णय गरि सो को अनुमोदनको लागि गाउँ कार्यपालिकामा पेश गर्नेछ।

(ग) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लोमन्थाङ गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

**(१०) भुक्तानीका लागि आवश्यक कागजात**

- निवेदन
- प्रहरी सर्जमिन मुचुल्का
- वडा कार्यालयको सिफारिस
- घटनास्थलको फोटो
- अगंभगं र गम्भीर घाइतेको लागि सरकारी स्वास्थ्य संस्थाको सिफारिस
- विपद व्यवस्थापन कार्यकारी समितिको निर्णयको प्रतिलिपि